# कृष्णपुर राजपत्र

कृष्णपुर नगरपालिकाद्वारा प्रकाशित

खण्ड : १, ७ नं. प्रदेश, गुलरिया कञ्चनपुर वैशाख ०२ गते आईतबार, २०७५ साल संख्या : ६

## भाग :- ३

## छाडा चौपाया नियन्त्रण तथा व्यवस्थापन निर्देशिका २०७४

**प्रस्तावना :**

कृष्णपुर नगरपालिका क्षेत्रभित्रमा छाडा चौपायाहरुबाट कृषकहरुले लगाएका अन्नबाली वर्षेनी नष्ट भै रहने, यातायात अवरुद्ध भै दुर्घटना बढी रहनुका साथै बजार क्षेत्रमा दुर्गन्ध फैलिई वातावरण समेत प्रदुषित हुन गई जनस्वास्थ्य मै असर पर्न गएकाले छाडा चौपाया नियन्त्रण तथा व्यवस्थापन गर्न आवश्यक भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम कृष्णपुर नगरपालिका नगर कार्यपालिकाले यो निर्देशिका बनाई लागु गरेको छ ।

### परिच्छेदः- १
### प्रारम्भ

१) **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो निर्देशिकाको नाम **"छाडा चौपाया नियन्त्रण तथा व्यवस्थापन निर्देशिका २०७४"** रहेको छ ।

(२) यो निर्देशिका स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

२) **परिभाषा :**

(१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई संझनुपर्दछ ।

(ख) "नगरपालिका" भन्नाले कृष्णपुर नगरपालिकालाई सम्झनुपर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले कृष्णपुर नगरपालिकाको कार्यापालिकालाई सम्झनुपर्दछ ।

(घ) "कार्यालय" भन्नाले नगरपालिका रहेको कार्यालयलाई सम्झनुपर्दछ ।

(ङ) "छाडा चौपाया" भन्नाले बेवारिसे रुपमा नगर क्षेत्रमा छाडिएका चौपायाहरु गाई, गोरु, बाच्छा, बाच्छि, राङ्गा, भैसी, सुगुर, बंगुर, बाखा बाखी, बोका लगायतका बेवारिसे रुपमा छाडिएका चौपायाहरुलाई जनाउनेछ ।

(च) "पालन क्षेत्र" भन्नाले मुल समितिले छाडा चौपायाहरुलाई व्यवस्थित रुपमा पालनका लागि नगरपालिका क्षेत्रभित्र वा अन्य सम्बद्ध नगरपालिकाहरुसँग सहकार्य गरि चौहद्धी खोली छुट्याएको भू-भागलाई जनाउनेछ ।

(छ) "चरनक्षेत्र" भन्नाले छाडा चौपायाहरुलाई व्यवस्थित रुपमा पालनका लागि नगरपालिका क्षेत्र भित्र वा अन्य सम्बद्ध नगरपालिकाहरुसँग सहकार्य गरि चौहद्धी खोली छुट्याएको क्षेत्रलाई जनाउनेछ ।

krishnapur municipality

(ज) “सभा” भन्नाले नगरपालिकाको नगर सभालाई संझनुपर्दछ ।

(झ) “प्रमुख” भन्नाले नगर प्रमुख लाई सम्झनुपर्दछ ।

(ञ) “उप प्रमुख” भन्नाले नगरपालिकाको नगर उपप्रमुख लाई सम्झनुपर्दछ ।

(ट) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले नगरपालिका कार्यालयको कर्मचारीको प्रमुख अधिकृतको रुपमा काम गर्न खटाईएको अधिकृतलाई संझनुपर्दछ ।

(ठ) “वडा अध्यक्ष” भन्नाले तत् वडाबाट निर्बाचित वडा अध्यक्ष सम्झनुपर्दछ ।

(ड) “सचिव” भन्नाले कृष्णपुर नगरपालिका कार्यालयको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ र वडाको हकमा सम्बन्धित वडा सचिवलाई सम्झनुपर्दछ ।

(ढ) “तोकिएको” वा “तोकिए वमोजिम” भन्नाले नगरपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए वमोजिम संम्झनुपर्दछ ।

(ण) “समिति” भन्नाले निर्देशिका बमोजिम गठित परिच्छेद-६ बमोजिम पालक तथा व्यवस्थापक समितिलाई जनाउनेछ ।

(त) “अनुगमन तथा समन्वय समिति” भन्नाले कृष्णपुर  नगरपालिकामा गठित छाडा चौपाया नियन्त्रणका लागि गठन भएको अनुगमन तथा समन्वय समितिलाई सम्झनुपर्दछ ।

थ) “नगर क्षेत्र” भन्नाले कृष्णपुर  नगरपालिका क्षेत्रलाई जनाउने छ ।

द) “आवश्यक कार्यविधि” भन्नाले चौपाया पालन तथा व्यवस्थापन समितिलाई चाहिने आवश्यक कार्यविधि भन्ने जनाउने छ ।

## परिच्छेद-२
## छाडा चौपाया नियन्त्रण अनुगमन तथा समन्वय समिति

**३)** छाडा चौपाया नियन्त्रण अनुगमन तथा समन्वय समिति देहाय बमोजिमको ११ सदस्यीय समिति रहनेछ ।

१) नगर उपप्रमुख - संयोजक

२) कार्यपालिकाले तोकेका कार्यपालिकाका सदस्यहरु ४ जना - सदस्य

३) कृष्णपुर  नगरपालिका कृषि र वन शाखाका अधिकृत वा जेष्ठ कर्मचारी गरि २ जना - सदस्य

४) नगर प्रमुखले तोकेका चौपाया पालन तथा चरन क्षेत्रका वन उपभोक्ता समिति र अन्य क्षेत्रवाट गरि ३ जना (कम्तिमा १ जना महिला सहित) - सदस्य

५) कृष्णपुर  नगरपालिकाका पशुपंक्षी शाखा प्रमुख -सदस्य सचिव

यस समितिले आवश्यकता अनुसार नगरपालिकाका पदाधिकारी तथा कर्मचारी र अन्य संघ संस्थालाई आमन्त्रित गर्न सक्नेछ ।

## परिच्छेद-३
## छाडा चौपाया नियन्त्रण अनुगमन तथा समन्वय समितिका काम कर्तव्य र अधिकार

**४)** छाडा चौपाया नियन्त्रण तथा व्यवस्थापनका लागि छाडा चौपाया नियन्त्रण अनुगमन तथा समन्वय समितिको काम कर्तव्य र अधिकार :

१) समन्वय समितिले विशेष गरि नीतिगत कार्य गर्नेछ । जस अन्तरगत पालन क्षेत्र निर्धारण, आवश्यक परेको मापदण्ड, साझेदारी, खोजी र सहकार्य, व्यवस्थापनका लागि आवश्यक अध्ययन र नयां विधिको खोजी र निर्देशनात्मक कार्यहरु निम्न अनुसार रहने छन ।

क) छाडाचौपाया नियन्त्रण अनुगमन तथा समन्वय समितिले नगर क्षेत्र भित्र छोडिएका छाडा चौपायाहरुलाई नगरपालिका क्षेत्रभित्र वा सम्वद्ध नगरपालिकाहरु सँग सहकार्य गरि पालन तथा चरन क्षेत्र भनी चौहददी खोली निश्चित क्षेत्र निर्धारण गर्न सक्नेछ ।

ख) छाडा चौपाया नियन्त्रण अनुगमन तथा समन्वय समितिले नगरपालिकाका क्षेत्र भित्र पालेका घरपालुवा र छाडा चौपायाहरुको तथ्याङ्क (लगत) संकलन गरी अद्यावधिक गर्न वडा समितिहरुलाई आवश्यक निर्देशन जारी गर्न सक्नेछ ।

krishnapurmunicipality

ग) चौपायाहरुको तथ्याङ्क (लगत) संकलन गरि घरपालुवा जनावरको दर्ता र पहिचानका लागि ट्याग ( निश्चित पहिचान चिन्ह) लगाउने कार्यको व्यवस्थापन गर्ने गराउने छ ।

ङ) छाडा चौपाया नियन्त्रण अनुगमन तथा समन्वय समितिले समय-समयमा छाडा पशुपालन तथा व्यवस्थापन समितिलाई दिएको निर्देशनको पालना गर्नु छाडा पशुपालन तथा व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

च) छाडा चौपाया नियन्त्रण अनुगमन तथा समन्वय समितिले छाडा पशुचौपाया पालनका लागि लाग्ने लागत, पूर्वाधार लगायतका आवश्यकताहरु निश्चित गरि मापदण्ड बनाई तोके अनुसार हुनेछ । साथै साझेदारीका लागि सोही मापदण्ड अनुसार हुनेछ ।

## परिच्छेद-४
## बैठक सम्वन्धी व्यवस्था

५. छाडा चौपाया नियन्त्रण अनुगमन तथा समन्वय समितिको बैठक देहाय बमोजिम हुनेछ ।

क) छाडा चौपाया नियन्त्रण अनुगमन तथा समन्वय समितिको बैठक आवश्यकता अनुसार संयोजकको निर्देशनमा सदस्य सचिवले बोलाउनु पर्नेछ ।

ख) बैठकको अध्यक्षता संयोजकले र संयोजकको अनुपस्थितिमा समितिका जेष्ठ सदस्यले गर्नेछ ।

ग) बैठकको गणपुरक संख्या ५१ प्रतिशत हुनेछ । गणपुरक संख्या नपुगेमा दोस्रो पटक बोलाइएको बैठकको गणपुरक संख्या २५ प्रतिशत मानिनेछ ।

घ) बैठकमा बहुमतका आधारबाट निर्णय पारित गरिनेछ । मत बराबर भएमा अध्यक्षता गर्नेको मत निर्णायक मानिनेछ ।

ङ) बैठकबाट पारित निर्णयहरुको अभिलेखिकरण सदस्य सचिवले गरि संयोजकबाट प्रमाणित गराई राख्नुपर्नेछ ।

## परिच्छेद-५
## वडा समितिको काम कर्तव्य र अधिकार

६. वडा समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

सम्वन्धित पशुधनीले पशु चौपायाहरुको पालन पोषण तथा व्यवस्थापन गर्ने जिम्मा नगर भित्रका सम्वन्धित पशुचौपाया धनीको हुनेछ ।

क) प्रत्येक वडा समितिले आ-आफ्नो वडामा छाडा पशुचौपाया छोड्न नियन्त्रण गर्ने र छोडेको चौपायाहरुको व्यवस्थापन गर्नु मूख्य जिम्मेवारी हुनेछ ।

ख) छाडा पशु चौपायाको व्यवस्थापनका लागि प्रत्येक वडा समितिले आ-आफनो वडामा गौशाला निर्माणका लागि सार्वजनीक, सरकारी वन, प्रति जमिन, सामुदायिक वन, खोला नदी किनार तटिय क्षेत्र आदिको खोजबिन गरि व्यवस्थापन गर्नु पर्नेछ । सो व्यवस्थापन कार्यका लागि स्थानीय सामुदायिक संस्था, क्लब, सहकारी, धार्मिक संस्थाहरु, सामुदायिक वन लगायतका संस्थाहरुलाई जिम्मेवार बनाउनु पर्नेछ ।

घ) समय-समयमा यस निर्देशिका बमोजिम गठित छाडा चौपाया नियन्त्रण अनुगमन तथा समन्वय समितिले दिएको निर्देशनको परिपालना गर्नु वडा समितिको कर्तव्य हुनेछ ।

ङ) वडा समितिले आ-आफ्नो वडामा रहेका घरमा पालिएका चौपायाहरुको यथार्थ लगत अद्यावधिक, जन्म/मुत्यु दर्ता, खरिद बिक्री तथ्यांक सहित अभिलेखिकरण गर्नुपर्नेछ ।

च) आफ्नो वडा क्षेत्रमा चौपायाहरुको यथार्थ लगत संकलन स्वयमं वडा समितिले आवश्यक व्यवस्था मिलाई गर्नुपर्नेछ ।

छ) अद्यावधिक भैसकेका चौपायाहरु एक वडाबाट अर्को वडा वा अन्यत्र बिक्री वितरण वा स्थानान्तरण गर्दा अनिवार्य रुपमा वडा समितिबाट सिफारिस गराएर मात्रै गर्नुपर्नेछ ।

kirtipur municipality

ज) वडा समितिले सिफारिस गर्दा न्युनतम सिफारिस दस्तुर निर्धारण गर्न सक्नेछ । न्यूनतम सिफारिस दस्तुर निर्धारण गर्दा सबै वडाहरुमा एकरुपता हुनुपर्नेछ । यसरी संकलित रकम नगरपालिकाको राजश्व खातामा जम्मा गर्नुपर्नेछ ।

झ) चौपाया एक वडाबाट अर्को वडा वा ठाउँमा बिक्री वितरण वा स्थानान्तरण गर्नुपर्ने भएमा वा चौपायाको मृत्यु भएमा सम्वन्धित चौपाया धनीले वडा कार्यालयबाट सिफारिस तथा लगत कट्टी गराउनु पर्नेछ ।

ञ) एक वडाबाट अर्को वडा वा अन्यत्र चौपाया स्थानान्तरण भएको अभिलेखमा जनाई वडा समितिले सिफारिस गर्नुपर्नेछ । साथै अन्य वडा वा ठाउँबाट वडामा स्थानान्तरण भै आएका चौपायाहरुको लगत अध्यावधिक गरि राख्नुपर्नेछ ।

ट) वडा समितिले आवश्यक ठानेमा **छाडा पशुपालन तथा व्यवस्थापन समिति**को गठन गरि छाडा चौपाया नियन्त्रण तथा पालनको व्यवस्था मिलाउन सक्नेछ ।

## परिच्छेद-६

## छाडा चौपायाको समुदाय स्तरमा व्यवस्थापन

**७)** छाडा चौपायाहरुको समुदाय स्तरमा व्यवस्थापन गर्नका लागि निम्न अनुसार गरिनेछ ।

क) नगरपालिका क्षेत्र भित्रका छाडा चौपायाहरुलाई नियन्त्रणमा लिई नीजि साझेदारीमा व्यवस्थापन गर्नका लागि अनुगमन तथा समन्वय समितिले आवश्यक सुचना र साझेदारीको मापदण्ड बनाई स्थानीय सामुदायिक वन, धार्मिक संस्था, सहकारी, सामुदायिक संस्था, निजी संस्था वा गैर सरकारी संस्थासंग साझेदारी गर्नेछ ।

ख) माथिको ७ (क) अनुसार हुने अवस्था सिर्जना नभएको हकमा नगरपालिका आफैले पूर्ण व्यवस्थापन गर्नु परेको हकमा वडा समितिहरुले वडामा रहेका सरकारी/पर्ति जग्गा, सरकारी वन, उपयोग गर्न मिल्ने सामुदायिक वन लगायतका क्षेत्र पहिचान गरि स्थान तय गर्ने र स्थानीय स्तरमा एक छाडा पशुपालन तथा व्यवस्थापन समिति गठन गरि आवश्यक लाग्ने खर्च मुल समितिवाट स्विकृति लिई व्यवस्थापन गर्नेछ ।

## परिच्छेद-७

## छाडा चौपाया पालन तथा व्यवस्थापन समितिका कार्यहरु

**८)** छाडा चौपायाहरुको व्यवस्थापन समितिले निम्न कार्यहरु गर्नेछ ।

क) नगर क्षेत्रभित्र बेवारिसे रुपमा छोडिएका चौपायाहरुलाई नियन्त्रणमा लिई एकिकृत तथा ढुवानी मार्फत दफा ४ (क) वा दफा ७ (ख) बमोजिम पालन क्षेत्र भनि छुट्याएको क्षेत्रमा आवश्यक पर्ने घर, टहरा गौशाला, पानी र घेरबारको आवश्यक व्यवस्था गर्नेछ ।

ख) दफा ४ (क) बमोजिम चरन क्षेत्र भनि छुट्याएको क्षेत्रमा तारबार, घेरवार गरी पशु आहारका लागि चाहिने आवश्यक घाँस, डाले घाँस, रुख बिरुवाहरु लगाई उपभोगको व्यवस्था मिलाउनेछ ।

ग) चरन क्षेत्रमा चरन नभएको, नपुग हुने अवस्था र चरन नहुने मौसमका लागि सुख्खा तथा हरियो घाँस पराल खरिद गर्नुपर्ने भएमा सो पालन गर्ने संस्था/व्यक्तिले आवश्यक व्यवस्था मिलाउनेछ ।

घ) छाडा चौपाया पालन तथा व्यवस्थापनका लागि चाहिने आवश्यक जनशक्ति पालन गर्ने संस्था वा व्यक्तिले दुई पक्षीय सम्झौता वमोजिम व्यवस्था मिलाउनेछ । यदि ७ (ख) अनुसार नगरपालिकाले आफै व्यवस्था गर्नु पर्ने भएमा चाहिने जनशक्ति संख्या करारमा राख्ने व्यवस्था अनुगमन तथा समन्वय समितिको स्विकृतिमा गर्ने र सोको सुविधा समन्वय समितिले तोके वमोजिम हुनेछ ।

ङ) नगरपालिका आफैले व्यवस्थापन गर्नुपर्ने अवस्थामा वडा समितिवाट तोकी जिम्मेवारी पाएको सदस्यले सो छाडा पशुचौपायाहरुको रेखदेख र पालन गर्ने जनशक्तिलाई परिचालन गर्नुपर्नेछ ।

च) नगरपालिका आफै व्यवस्थापन गर्नुपर्ने अवस्थामा नगरपालिकामा जनशक्ति उपलब्ध भएको अवस्थामा सोही स्तरको उपलब्ध जनशक्ति लाई पनि उपयोग गर्न सक्नेछ ।

छ) पालन क्षेत्रमा पालिएका चौपायाहरु तथा चौपायाहरुबाट उत्पादित चिजवस्तु विक्री वितरण उक्त पशुचौपाया पालन गर्ने संस्था/व्यक्तिले गर्नेछ ।

ज) छाडा पशु चौपायाको व्यवस्थापन गर्न आवश्यक पर्ने गौशाला निर्माणका लागि सार्वजनिक, सरकारी वन, प्रति जमीन, सामुदायिक वन, खोला नदी किनार तटिय क्षेत्र आदि खोजी व्यवस्थापन गर्ने सो हुन नसकेमा जमिन भाडामा लिई समेत व्यवस्थापन गर्नु पर्नेछ ।

## परिच्छेद-८
## व्यवस्थापनका लागि आर्थिक व्यवस्था

९) पशु चौपाया व्यवस्थापनका लागि आर्थिक व्यवस्था र परिचालन निम्न अनुसार हुनेछ ।

क) स्थानीय संस्था/व्यक्तिसंग साझेदारी गरि व्यवस्थापन हुने हकमा सम्झौता बमोजिम हुनेछ ।

ख) नगरपालिकाले आफ्नै व्यवस्थामा पशुपालन गरि व्यवस्थापन गर्नु पर्ने अवस्थामा छाडा पशुचौपाया व्यवस्थापनका लागि नगरपालिकावाट रकम विनियोजित भए वमोजिम तथा कार्यपालिकाले व्यवस्थापन गरे अनुसार हुनेछ ।

ग) नगरपालिकाले आफ्नै व्यवस्थामा पशुपालन गरि व्यवस्थापन गर्नु पर्ने अवस्थामा छाडा पशुचौपाया पालन गरेको वडा कार्यालयमा वडाको खातामा निकासा दिई सो वडा समितिले संचालन गर्नेछ ।

## परिच्छेद-९
## दण्ड जरिवाना

**१०. दण्ड जरिवाना**

क) अनधिकृत रुपमा कसैले पनि पशुचौपाया छोडी वा लापरवाही गरी खेतीपाती वा अन्य बालिनाली हानी नोक्सानी गर्न गराउन पाइने छैन । हानी नोक्सानी गरी गराएको ठहर भएमा क्षतिको एकिन गरि सम्वन्धित पशुधनीवाट वडा समितिले क्षतिपूर्ति भराई दण्ड सजाय गर्न सक्नेछ ।

ख) चौपाया छोड्ने कार्यलाई नियन्त्रण गर्न पशुधनीहरुलाई आवश्यक कारवाही स्वरुप प्रति पटक प्रति चौपाया रु.५०००। सम्म वडा समितिले दण्ड जरिवाना तोक्नेछ । साथै पटक पटक कारवाही गर्दा पनि अटेर गरेमा वा तोकेको जरीवाना नवुझाएमा नगरपालिकावाट पाउने सेवा सुविधा उपलव्ध गराउन नगरपालिका वाध्य हुने छैन ।

ग) बेवारिसे प्रमाणित भएका चौपायाहरुको व्यवस्थापनको जिम्मा लिएको संस्था, व्यक्ति, समुह, समिति लगायतका संस्थाहरुले व्यवस्थित रुपमा पालन नगरी कुनै कारणले छाडा छोडी वा लापरवाहीले कसैको हानी नोक्सानी भएमा सम्बन्धित जिम्मा लिने पक्षवाट असुल उपर गरिनेछ ।

घ) यस नगरपालिकासंग सिमामा जोडीएका वा अन्य क्षेत्रवाट कसैले पशु छोडेमा सम्वन्धित नगरपालिकासंग समन्वय गरि सम्वन्धित पशुधनीवाट असुल उपर गरिने छ ।

ङ) नगरपालिका क्षेत्रभित्र कसैले छाडा चौपाया छोडेको जानकारी वडा कार्यालय वा नगरपालिकालाई दिएमा सूचकलाई सूचना बमोजिमको उठेको जरिवानाको ४० प्रतिशत रकम पुरस्कार स्वरुप उपलव्ध गराईनेछ र सुचकको नाम गोप्य राखिने छ ।

च) यस निर्देशिकामा उल्लेख भएकोमा यसै बमोजिम र अन्यमा प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

## परिच्छेद-१०
## विविध

**११. निर्देशिका संशोधन सम्बन्धि व्यवस्था :-** निर्देशिका संशोधन गर्नु पर्ने आवश्यक भएमा छाडा चौपाया नियन्त्रण तथा व्यवस्थापन समन्वय समितिले निर्णय गरि नगर कार्यपालिका समक्ष पेश गरेमा नगर कार्यापालिकाबाट आवश्यक संशोधन हुनेछ ।

**१२. सुरक्षा व्यवस्था :** छाडा पशुचौपाया पालन तथा व्यवस्थापन गर्ने संस्था/समिति/व्यक्तिले चौपाया पालनमा सुरक्षा व्यवस्थाको आवश्यकता महशुस गरेमा नगरपालिकाले चौपाया पालन क्षेत्र रहेको

Krishnapur municipality

ठाउँको नजिकमा रहेको सुरक्षा निकायसँग समन्वय गरी आवश्यक सुरक्षा व्यवस्था मिलाउन अनुरोध गर्नेछ ।

आज्ञाले,
महेश बहादुर बम
प्रमुख प्रशासकीय अधिकृत

krishnapur municipality